**प्रश्न नं. ४१**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्वितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ४८८० देखि ५००१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

चन्द्रबहादुर प्रसाईंको जाहेरीले नेपाल सरकार

बिरुद्ध

पर्वत जिल्ला मोदी गाउँपालिका वडा नं. ९ बस्नेत होम नारायण हरिजत

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- २०७५।८।१ गतेका दिन मेरो भाई श्याम बहादुर प्रसाइलाई पर्वत जिल्ला मोदी गा.पा. वडा नं. ९ बस्ने होम बहादुर हरिजन , प्रदिप बहादुर हरिजनले घाँटी बटारी साप्रामा प्रहार गरी पुर्व रिसिईवीको कारण कुटपिट एवम् छुरा प्रहार गरेको र सोही चोट बेदनाको कारण मृत्यु भएको हुँदा होम नारायण हरिजन र प्रदिप बहादुर हरिजनलाइ कर्तव्य ज्यान मुद्दामा कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको चन्द बहादुर प्रसाईले जिल्ला प्रहरी कार्यालय पर्वतमा दिएको जाहेरी दरखास्त ।
- छुरा प्रहार गरी कुटपिट गरेको , २० वटा ढंगामा रगतका छिर्काहरु रहेको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का
- श्याम बहादुर प्रसाईको घाटीमा बाँया पट्टी निलो डाम ,बाँया कन्चटमा निलो डाम , बाँया साप्रामा ३ से.मी. लम्बाई काटिएको भन्ने समेत व्यहोराको लासजाँच मुचुल्का।
- चोटको कारण अत्याधिक रक्तस्राव भै भएको भन्ने पोष्ट मार्टम रिपोर्ट ।
- कृष्ण बहादुर के.सी. र सुर्य बहादुर के.सी.को मौकामा गरेको कागज
- होम नारायण हरिजन र प्रदिप बहादुर हरिजनको अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान ।
- अभियुक्त होमनारायण हरिजन र प्रदिप बहादुर हरिजनले श्याम बहादुर प्रसाईलाई कर्तव्य गरी मारेको हुँदा मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- पर्वत जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत पोखरामा प्रस्तुत गरेको पुनरावेदन पत्र